**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र**

**माननीय न्यायाधीश श्री पुरुषोत्तम भण्डारी**

**आदेश**

०७३-WO-१२७२

विषयः उत्प्रेषण

गुञ्जमान वि.क. समेत --------------------------------------------------------------------निवेदक

विरुद्ध

निर्वाचन आयोग बहादुर भवन समेत ----------------------------------------------------विपक्षी

निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु सर्वश्री कृष्णप्रसाद भण्डारी, रामप्रसाद श्रेष्ठ, लक्ष्मीबहादुर निराला, श्री हरिप्रसाद उप्रेती, रवि खनाल, सतिशकृष्ण खरेल तथा विद्वान अधिवक्ताहरु सर्वश्री टिकाराम भट्टराई, रमेश बडाल, बाबुराम दाहाल, बाबुराम गिरी, खिमलाल देवकोटा, ईश्वरी प्रसाद भट्टराई, गोविन्द बन्दी, विजयकान्त मैनाली, चन्द्रकान्त ज्ञवाली, तुलसीराम पाण्डे, टिकाबहादुर कुँवर, लक्ष्मी प्रसाद मौनाली, रुद्र नेपाल, कुमार आङ्गदम्वे, सुरेन्द्र थापा र शिव कुमार यादवले मतगणना स्थलमा स्थानीय तह निर्वाचन ऐन २०७३ को दफा ५० अनुसार मतगणनास्थल कब्जाको अवस्था नै विद्यमान नभएको हुँदा भरतपुर महानगरपालिका वडा नं १९ को सबै मतदान केन्द्रको मतदान अवैध घोषणा गरी पुनः मतदान गराउने गरी गरिएको निर्वाचन आयोगको मिति २०७४।२।२० को निर्णयमा कानूनको

प्रत्यक्ष रुपमा त्रुटी रहे भएको अवस्था हुँदा उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी मतगणना कार्यलाई निरन्तरता दिनु भनी परमादेशको आदेश जारी हुनुपर्दछ भनी बहस गर्नुभयो।

त्यसैगरी विपक्षी निर्वाचन आयोग तथा मुख्य निर्वाचन अधिकृतको कार्यालयको तर्फबाट उपस्थित विद्वान महान्यायाधिवक्ता श्री रमणकुमार श्रेष्ठ, नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, सह-न्यायाधिवक्ता श्री संजीवराज रेग्मी, उप-न्यायाधिवक्ता श्री घनश्याम ओझा र निर्वाचन आयोगको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु सर्वश्री महादेव प्रसाद यादव र हरिहर दाहालले मतगणनास्थल कब्जा भएको अवस्थाको पुष्टि भएको तथ्य कर्मचारी मात्रको उपस्थिति रहने गणनास्थलमा अन्य व्यक्तिको उपस्थिति भई गणना हुन बाँकी मतपत्र नष्ट गरेको आधारमा उक्त गणनास्थल कब्जा भएको संपुष्टि भएको देखिएको अवस्थामा निवेदकको माग बमोजिमको आदेश जारी हुने अवस्था छैन निर्वाचन आयोगको मिति २०७४।२।२० को निर्णय सदर कायम गरी रिट निवेदन खारेज हुनुपर्दछ भनी बहस गर्नुभयो ।

विपक्षी मध्येका रेणु दाहाल समेत १२ जना विपक्षीको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु सर्वश्री दिनमणि पोखरेल, रमेश कुमार मैनाली गुणराज घिमिरे, धर्मराज रेग्मी, श्रीराम पाण्डे, नर बहादुर खड्काका साथै सरोकारवाला शसिधर सापकोटा समेतको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु सर्वश्री कृष्ण प्रसाद ढुङ्गाना, हरिन्द्र कुमार राई, विष्णु पोखरेल, रञ्जिता खनाल, गोपी बहादुर भण्डारी, कृष्ण प्रसाद पोखरेल र भीमबहादुर गुरुङ्गले मतगणना स्थल अनधिकृत रुपमा कब्जा भई गणना भइनसकेका मतपत्र नष्ट भएको अवस्था हुँदा निर्वाचन आयोगबाट भरतपुर नगरपालिका वडा नं १९ को सबै मतदान केन्द्रको मतदान रद्द गरी पुन मतदान गराउने गरी भएको मिति २०७४।२।२० को निर्णय सदर कायम राखी रिट निवेदन खारेज गरिनु पर्दछ भनी गर्नुभएको बहस समेत सुनियो।

निवेदकहरु र विपक्षतर्फबाट बहस गर्न उपस्थित विद्वान कानून व्यवसायीहरुको बहस जिकिर सुनी निवेदन जिकिर अनुसार आदेश जारी हुने हो वा होइन भन्ने सन्दर्भमा विचार गर्न पर्ने देखियो।

यसमा निर्णयतर्फ विचार गर्दा चितवन जिल्लाको भरतपुर महानगरपालिकाको मतगणना जारी रहेको अवस्थामा वडा नं. १९ को मतगणनाको क्रममा मतगणनास्थलमा उपस्थित

सम्बन्धित राजनीतिक दलका केही मतगणना प्रतिनिधि निषेधित मतगणनास्थलमा प्रवेश गरी केही मतपत्रहरु च्यात्ने काम गरेकोले मतगणनाको कार्य स्थगित राखी प्रतिवेदन पेश गरेको भनी भरतपुर महानगरपालिका चितवनको मुख्य निर्वाचन अधिकृतबाट २०७४।२।१५ मा प्राप्त प्रतिवेदन र उपरोक्त घटनाको सम्बन्धमा स्थलगत भ्रमण गरी प्रतिवेदन पेश गर्न निर्वाचन आयोगबाट सहन्यायाधिवक्ता गीता प्रसाद तिम्सिनाको नेतृत्वमा अनुगमन टोलीबाट प्राप्त प्रतिवेदन र च्यातिई नोक्सान भएका मतपत्र संख्या ९० भएको भनी मुख्य निर्वाचन अधिकृत कार्यालयबाट समेत प्राप्त जानकारीको आधारमा स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५०(१)(ख) बमोजिम मतगणनास्थलको अनधिकृत कब्जा भएको भन्ने पुष्टि भएकोले सोही दफाको उपदफा (४) बमोजिम कब्जाबाट असर परेको चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. १९ को मतदान केन्द्रको सम्पूर्ण मतपत्रहरु अवैध घोषित गरी पुनः मतदान गर्ने भन्ने समेत व्यहोराबाट निर्वाचन आयोग नेपालबाट मिति २०७४।२।२० मा निर्णय भएकोमा आयोगको सो निर्णय बदर गरी च्यातिई नोक्सान भएको मतपत्र स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५१(१)(ग) बमोजिम बदर मतपत्रको सूचीमा राखी मतगणना गर्ने कार्य गर्नु गराउनु भन्ने समेत व्यहोराको आदेश जारी गरी पाउँ भन्ने प्रस्तुत निवेदन पर्न आएको पाईयो।

निर्वाचन आयोगको उपरोक्त निर्णय कानून अनुरुप छ, छैन भन्ने सम्बन्धमा निर्णयमा आधार लिएको कानूनी व्यवस्था हेर्दा स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५०(१)(ख), ५०(४) र ५०(५) भएकोमा ती प्रावधानहरु लगायत निर्णयसंग सम्बन्धित अन्य कानूनी व्यवस्था तर्फ विचार गर्नुपर्ने देखियो।

कसैले बल प्रयोग गरी वा नगरी मतगणना कार्यमा खटिएको निर्वाचन अधिकृत वा कर्मचारीलाई आफ्नो कर्तव्य पालना गर्न नदिएमा वा निजको जिम्मामा रहेको मतपत्र, मतपेटिका वा मतगणना सम्बन्धी अन्य सामग्री खोसेमा वा अन्य त्यस्तै कार्य गरी मतगणनाको कार्य निष्पक्ष तथा स्वतन्त्र रुपमा सामान्य ढंगले संचालन नहुने वा हुन नसक्ने गरी प्रभावित गरेमा मतगणनास्थलको अनधिकृत कब्जा भएको मानिने व्यवस्था उपरोक्त ऐनको दफा ५०(१)(ख) मा भएको देखियो। त्यसरी मतगणनास्थलको अनधिकृत कब्जा भएमा निर्वाचन अधिकृतले मतगणनाको कार्य तत्काल स्थगित गरी त्यसको प्रतिवेदन निर्वाचन आयोगलाई तुरुन्त दिनुपर्ने,

त्यस्तो प्रतिवेदन प्राप्त भएपछि आयोगले जाँचबुझ टोली गठन गरी जाँचबुझ गराउन सक्ने र निर्वाचन अधिकृत वा अनुगमन टोलीको प्रतिवेदनको आधारमा मतगणनास्थल अनधिकृत तवरले कब्जा भएको ठहऱ्याएमा आयोगले सो मनदान केन्द्रको सम्पूर्ण मतपत्रहरु अवैध घोषित गरी मतदान रद्द गरी पुनः मतदान गर्न सक्ने र त्यसरी रद्द गरिएको मतदान केन्द्रमा निर्वाचन अधिकृतले पुनः मतदान हुने स्थान, मिति र समय तोकी सूचना प्रकाशित गर्न सक्ने भन्ने व्यवस्था ऐनको दफा ५०(२)(३)(४) र (५) को बनौटबाट भएको देखिन्छ।

मुख्य निर्वाचन अधिकृतबाट मतगणना भैरहेको स्थलमा रहेका प्रतिनिधिबाट मतपत्र रहेको स्थलमा प्रवेश गरी मतपत्र च्यात्ने र मतगणनास्थल आफ्नो कब्जामा लिने सम्मका कार्य गरी असामान्य अवस्थाको सिर्जना भई मतगणना कार्य लगातार गरी राख्न नसकिने अवस्था परेकाले अर्को सूचना प्रकाशित नभएसम्मका लागि मतगणना कार्य स्थगित गरिएको भन्ने व्यहोराबाट २०७४।२।१५ मा मतगणना कार्य स्थगित गरेको सूचना प्रकाशित भएको छ भने सोही व्यहोरासित मेल खाने गरी २०७४।२।१५ मा निर्वाचन आयोगमा प्रतिवेदन पठाएको देखियो। त्यसपछि आयोगबाट दफा ५०(३) बमोजिम जाँचबुझ गर्न अनुगमन टोली खटाएको र प्राप्त प्रतिवेदनहरु समेतको आधारमा वडा नं. १९ को मतपत्रहरु रद्द गर्ने निर्णय गरी पुनः निर्वाचन गराउन भनी मुख्य निर्वाचन अधिकृतलाई लेखी पठाउने समेतको कार्य गरेको देखिंदा ती कार्यहरु स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५०(१)(ख), ५०(२), ५०(३), ५०(४) र ५०(५) बमोजिम नै भए गरेको देखिन आएको छ। मतगणनास्थल अनधिकृत कब्जा हुनलाई स्थानीय तह निर्वाचन ऐन, २०७३ को दिफा ५०(१) को खण्ड (क) र (ख) मा उल्लिखित दुवै प्रावधानहरुको विद्यमानता अनिवार्य छ भनी रिट निवेदकको जिकिर भए पनि उपरोक्त दफा ५० को (१) को खण्ड (क)(ख) वा (ग) मध्ये कुनै एक अवस्थाको विद्यमानता देखिए पनि मतगणनास्थलको अनधिकृत कब्जा हुन सक्ने कुरा उपरोक्त कानूनी व्यवस्थाको अवलोकनबाट देखिएको छ। मेयरका उम्मेदवार देवी ज्ञवालीले उक्त मतपत्र च्यात्ने कार्य भैसकेपछि दिएको उजुरी निवेदनमा मतगणनास्थलमा अनधिकृत तवरले मतगणना प्रतिनिधिको रुपमा बसेकै व्यक्तिहरुले मतपत्र च्याती नष्ट गरेको भनी उल्लेख गरेको देखिन्छ भने निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ अन्तर्गत मतपत्र च्याती प्रतिवादी उपर दायर भई चलेको मुद्दामा बकपत्र

गर्दा बकपत्रको स.ज. ६ मा मतगणना केन्द्र कसैको अनधिकृत कब्जामा नरहेको भनी बकपत्र गरेपनि आफूले दिएको उजुरी आफूले नै दिएको उजुरी भएको र सो को जवाफदेही आफैमा रहेको भन्ने कुरा स.ज. १० मा लेखाईदिनुका साथै सोही बकपत्रको स.ज. १३ मा कर्मचारीसंग कुनै अनुमति नलिई प्रतिवादीहरुले अपराधपूर्ण मनसायले मतपत्र च्यातेका हुन् भनी लेखाईदिएबाट मतगणनास्थलमा अनधिकृत कब्जा भए गरेको कुराको थप पुष्ट्याई हुन आयो।

त्यसैगरी स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ४१ को कानूनी व्यवस्था मतदान केन्द्रको अनधिकृत कब्जा सम्बन्धमा भएकोले मतगणनास्थलको कब्जाको विषयसित सम्बन्धित रहेको प्रस्तुत विवादमा आकर्षित हुन सक्ने प्रकृतिको देखिन आएन।

च्यातेको मतपत्रलाई बदरको सूचीमा राखी मतगणना जारी राखी पाउँ भन्ने जिकिरको हकमा विचार गर्दा स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५१(१) को खण्ड (ग) को उक्त प्रावधानले मतपेटिकाबाट मतपत्र झिक्दा च्यातिएको वा मतदाताले मतसंकेत गर्दा लतपतिएका मतपत्रलाई मात्र बदर हुने अवस्थालाई औंल्याएको पाईन्छ। स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ को दफा १२९ मा दफा १२७ बमोजिम छुट्याईएका मतपत्र मध्ये सबै भन्दा पहिले बदर मतपत्रको मतगणना गरिसकेपछि मात्र सदर मतपत्रको गणना गर्नु पर्नेछ भन्ने व्यवस्था गरेको बाट पनि दफा ५१(१)(ग) को व्यवस्था मतपेटिकाबाट मतपत्र झिक्दाका अवस्थालाई नै इंगित गरेको देखिँदा मतगणनाको क्रममा मतपत्र मतगणनास्थलबाट कब्जा गरी च्यातिएको मतपत्रको हकमा आकर्षित हुने देखिएन।

त्यसैगरी निवेदकले जिकिर लिएको दफा ५१(२) मा **"उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि एउटै मतपत्रबाट धेरै उम्मेदवार चुनिने अवस्थामा जुन पदको मत बदर हुने हो त्यस्तो मत मात्र बदर गरेर अन्य मतपत्र गणना गर्न पर्नेछ"** भन्ने व्यवस्था भएकोमा कुन उम्मेदवारलाई मत दिएको हो सो कुरा स्पष्ट हुन नसक्ने च्यातिएको मतपत्रको आधारमा मतसंकेत छुट्टाउन सकिने अवस्था नै नरहेको हुँदा च्यातिएको मतपत्र बदर मतमा राखी बाँकी मतपत्र गणना गरी पाउँ भनी निवेदकले लिएको जिकिर कानून सम्मत देखिन आएन।

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५१(१)(ख) मा भएको व्यवस्थाले मतगणना प्रतिनिधि वा निर्वाचन प्रतिनिधिलाई बाहेक गरेको भनै मतगणनास्थलमा उपस्थित जो सुकैले

मगतणना कार्यमा खटिएको निर्वाचन अधिकृत वा कर्मचारीको जिम्मा रहने मतपत्र खोसी च्यातेको स्थितिमा मतगणनाको कार्य निष्पक्ष तथा स्वतन्त्र रुपबाट हुन नसक्ने अवस्था हुने हुँदा सम्बन्धित मुख्य निर्वाचन अधिकृतको प्रतिवेदन, अनुगमन टोलीको जाँचबुझ प्रतिवेदन समेतलाई आधार बनाई चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. १९ को सम्पूर्ण मतपत्रहरु अवैध घोषित गरी मतदान रद्द गर्ने गरी भएको निर्वाचन आयोग नेपालको मिति २०७४।२।२० को निर्णय कानून अनुरुप नै भए गरेको देखिँदा सो निर्णय समेत बदर गरी च्यातिएको ९० मतपत्र बदर श्रेणीमा राखी पुनः मतगणनाको कार्य सूचारु गर्नु गराउनु भन्ने समेत व्यहोराबाट निर्वाचन आयोगको नाममा आदेश जारी गरी पाउँ भनी पर्न आएको प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। रिट निवेदन खारेज हुने ठहरेकाले यस अदालतबाट मिति २०७४।२।२२ मा जारी गरिएको अन्तरिम आदेश समेत निष्कृय गरिदिएको छ।

स्वतन्त्र र निष्पक्ष ढंगले निर्वाचन गराउने संवैधानिक दायित्व निर्वाचन आयोगमा रहेको छ। निर्वाचनमा धाँधली भएमा प्रजातन्त्रप्रति अनास्था जागृत हुने कुरामा दुईमत हुन सकिँदैन। निर्वाचन स्वतन्त्र र स्वच्छ रुपमा गराउने दायित्व बोकेको निर्वाचन आयोगले निर्वाचन सम्पन्न गराउने क्रममा मतदानस्थल, मतगणनास्थलको साथै निर्वाचन कार्यमा प्रयोग हुने सामग्रीको सुरक्षा र संरक्षणतर्फ विषेश ध्यान पुऱ्याउन जरूरी हुन्छ। अब उप्रान्त आफ्नो दायित्वतर्फ विशेष रुपमा सचेत रहि सुरक्षा लगायत जो चाहिने व्यवस्था गर्नु गराउनु भनी निर्वाचन आयोग नेपालका नाममा निर्देशनात्मक आदेश समेत जारी हुने ठहर्छ।

प्रस्तुत आदेशको पूर्ण पाठ पछि तयार गरिने छ।

न्यायाधीश | न्यायाधीश

इति संवत् २०७४ साल श्रावण १५ गते रोज १ शुभम् ...............................।